# संयुक्त राष्ट्र संघका निकायहरुका लागि आधारभूत कार्यसञ्चालन निर्देशिका

नेपालमा कार्यरत संयुक्त राष्ट्र संघका कर्मचारी तथा यससंग आबद्ध कर्मचारीहरुको कार्यसञ्चालनको लागि आधारभूत निर्देशनहरु तल प्रस्तुत गरीएको छ । यी आधारभूत निर्देशनहरु केही सामान्य सिद्धान्त र अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्तकानुन, सन्धि एवं प्रस्तावहरुमा आधारित छन् ।

संयुक्त राष्ट्र संघका निकायहरुले :

१. संयुक्त राष्ट्र संघका उद्देश्य अनुरुप बाहेकको कार्यमा कुनै पनि राजनीतिक दल, सेना, अर्ध सैनिक बल वा हात-हतियारले सुसज्जित समूह वा यस्ता समूहसंग आवद्ध व्यक्तिहरुलाई कुनै पनि किसिमको सामाग्री, औजार, जिन्सी वस्तु वा नगद अनुदान दिने छैनन् ।
२. कर्मचारी भर्ना गर्दा विभिन्न समुदाय (र जातजाती) बाट गर्ने छन् र यस्तो नियुक्ति, उनीहरुको ब्यवसायिक योग्यता र उपयुक्तताको आधारमा मात्र गरिनेछ । संयुक्त राष्ट्र संघले कसैलाई पनि जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचार, राष्ट्रिय र सामाजिक सम्बन्ध, धन सम्पत्ति एवं जन्म र अन्य कुनै हैसियतको आधारमा भेदभाव गर्ने छैन । आफनै व्यवसायिक काम गर्दा र जिम्मेवारी निभाउँदा संयुक्त राष्ट्र संघका कर्मचारीहरु र यससंग आबद्ध कर्मचारीहरुले संयुक्त राष्ट्र संघको अधिकार प्राप्त कर्मचारी समक्ष मात्र प्रतिवेदन प्रस्तुत गर्ने छन् र त्यस्ता अधिकारीबाट मात्र आदेश प्राप्त गर्नेछन् ।
३. विकास र मानवीय सहयोगका कार्यक्रमहरुमा उपयोग गर्न भनेर दिएको वा परिचालित कुनै पनि सामाग्री, औजार, वस्तु, जिन्सी, नगद वा प्राविधिक सहयोगको चोरी, दुरुपयोग वा तोकिए भन्दा अन्य प्रयोजनको लागि प्रयोग गर्ने कुरालाई सहन गर्ने छैनन् । यस्तो बन्देज संयुक्त राष्ट्र संघसंग साझेदारीमा कार्य गर्ने अन्य समूह वा निकायहरुले उपयोग गर्ने बस्तु र औजारहरुका हकमा समेत समान रुपमा लागू हुनेछ ।
४. आफनै वा आफुसंग ऋण वा अन्य प्रकारको सम्झौता भएका तेश्रो पक्षको स्वामीत्व वा प्रयोगमा रहेका यातायातका वाहनहरुमा हातहतियारले सुसज्जित कुनै पनि समूह वा व्यक्तिहरुको ओसारपसारलाई बन्देज गर्नेछन् । यस्तो “हातहतियार बिहिन बाहन” सम्बन्धी नीति सैनिक र अर्ध सैनिक कर्मचारीहरु र अन्य हातहतियार सहितका समूह र्व्यक्ति र यस्ता समूह र व्यक्तिको स्वामीत्व वा प्रयोगमा रहेका सवारी साधनहरुमा समेत लागू हुनेछ ।
५. आवश्यकता (समस्या) मा परेका आम जनतासम्म पुग्न स्वतन्त्र र बेरोकटोक पहुँच पाउने छन् । यस्तो पहुँच अन्तर्गत यसमा विकास र मानवीय सहयोगका श्रोतहरुको ढुवानी, वितरण एवं अनुगमन गर्ने कार्य र यसका कर्मचारी र आबद्ध कर्मचारीहरुको सुरक्षा र सुरक्षित काम गर्न पाउने वातावरण समेत पर्दछन् । यस सन्दर्भमा संयुक्त राष्ट्र संघका निकायहरुलाई आफनै कुनै पनि स्थानीय वा अन्तर्राष्ट्रिय कर्मचारी विरुद्धको भौतिक वा मौखिक दुर्व्यवहार, शत्रुतापूर्ण व्यवहार, डर, धम्की, यातना वा अन्य कुनै किसिमको दबाव, हिंसा वा आक्रमण सहच हुने छैन ।
६. संयुक्त राष्ट्र संघका निकायहरु अतिक्रमण हुन नसक्ने परिसरमा रहेर कार्य गर्नेछन् । यिनीहरुको सम्पत्ति र जायजेथा जसको मातहतमा भए पनि कुनै पनि कार्यकारी, प्रशासकीय, न्यायिक वा विधायी हस्तक्षेप जस्तै खानतलासी, अरुले प्रयोग गर्ने आदेश, अधिग्रहण, वा कब्जाबाट मुक्त हुनेछ । यस्तो सम्पत्ति या जायजेथाभित्र सञ्चारका उपकरणहरु र संयुक्त राष्ट्र संघका निकायका कर्मचारीहरुको परिचयपत्रहरु समेत पर्दछन् ।
७. माथि उल्लेखित कुनै पनि आधारभूत कार्य सञ्चालन निर्देशनहरुको अनादर वा उल्लघंन भएमा विकास र मानवीय कार्यक्रम र क्रियाकलापको निरन्तरतामा प्रतिकूल प्रभाव पर्ने कुरामा जोड दिनेछन् । यस्तो अवस्थामा सहयोगको निलम्बन वा अन्त्य पनि हुन सक्नेछ र यस्तो कदमको प्रकृति एवं दायरा संलग्न र प्रभावित पक्ष र व्यक्तिहरु तथा उनीहरुको प्रतिनिधिसंगको परामर्शमा निर्धारण गरिनेछ ।
८. आफनै कार्यक्रमका सबै साझेदारहरुलाई विकास र मानवीय सहयोग कार्यक्रममा लागू हुने सिद्धान्त र मापदण्डहरुलाई सम्मान गर्न प्रोत्साहित गर्नेछन् । ती सिद्धान्त र मापदण्डहरु विभिन्न अन्तर्राष्ट्रिय मानवीय कानुन, मानव अधिकार, शरणार्थी सम्बन्धी कानुनहरु, संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले अंगीकार गरेका सान्दर्भिक सन्धि र प्रस्तावहरुमा उल्लेखित छन् । यसमा विशेषत: मानवीय सहयोग कार्यक्रमहरु सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त “प्राकृतिक प्रकोप राहत कार्यमा- अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रेसेन्ट अभियान र गैर सरकारी संस्थाहरुको लागि आचार संहिता” र “मानवीय वडापत्र र प्राकृतिक प्रकोप कार्यमा न्यूनतम मापदण्ड सम्बन्धी आचार संहिता” पर्दछन् ।
९. आन्तरिक द्वन्दको अवस्थामा द्वन्दका पक्षहरुले कमसेकम अन्तर्राष्ट्रिय मानवीय कानुनका निम्न लिखित प्रावधानहरु मान्नु पर्दछ भन्ने कुरामा संयुक्त राष्ट्र संघका निकायहरु सचेत छन् । जस्तै : (क) शत्रुवत व्यवहारमा सक्रिय रुपमा सहभागी नभएका व्यक्तिहरु जस्तै सैन्य संगठनका हतियार बिसाएका सदस्यहरु र बिरामी, घाइते, बन्दी वा अन्य कारणले युद्ध कार्यबाट अलग भएका सबैलाई जुनसुकै अवस्थामा पनि जाती, रंग, धर्म, विश्वास, लिङ्ग, जन्म, सम्पत्ति वा अन्य आधारमा भेदभाव नगरी मानवीय व्यवहार गरिनु पर्छ ।